28-08-25  THURSDAY

National News

मुख्य समाचार:

- प्रधानमन्त्री पन्द्रौं भारत–जापान वार्षिक शिखर सम्मेलनमा सहभागी हुन जापानको आधिकारिक भ्रमणमा प्रस्थान गर्नुहुने
- मुंबईमा चारतले भवन ढल्नाले 17 जनाको मृत्यु साथै 9 जना घाइते।
- छात्रले आज राष्ट्रीय अन्तरिक्ष दिवसको अवसरमा विभिन्न क्षेत्रमा आफ्नो आविष्कारहरूको प्रदर्शन गर्नका लागि चेन्नईमा एकत्र ।
- भारतीय वायुसेनाले जम्मू र उत्तरी पंजाबमा बढ्दो जलस्तर र विनाशकारी बाढलाई ध्यानमा राख्दै राहत र बचाव अभियान शुरू गरिएको छ।

प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदी आज जापानका प्रधानमन्त्री शिगेरु इशिबासँग पन्द्रौं भारत–जापान वार्षिक शिखर सम्मेलनमा सहभागी हुन जापानको आधिकारिक भ्रमणमा प्रस्थान गर्नुहुने छ। यो प्रधानमन्त्री मोदीको जापानतर्फको आठौँ पटकको यात्रा हुनेछ भने प्रधानमन्त्री इशिबासँग उहाँको पहिलो शिखर वार्ता पनि हुनेछ।

मुंबईमा चारतले भवन ढल्नाले  17 जनाको

मुंबईको विरारमा बुधबार राति चारतले भवन ढलेको छ। यस दुर्घटनामा सत्र जनाको मृत्यु भएको छ भने नौं जना घाइते भएका छन्। उद्धार कार्य अझै पनि जारी छ। प्राप्त जानकारी अनुसार  अझै केही मानिस भग्नावशेषमा फसेको हुन सक्ने सम्भावना छ। दमकल टोलीले विरार पूर्वको नारंगी क्षेत्रमा रहेको रामाबाई अपार्टमेन्ट्सको केही भाग भत्किएपछि आजसम्म चौबीस जनालाई जीवितै उद्धार गरेको छ। जिल्ला अधिकारी इन्दुरानी जाखरले घटनास्थल निरीक्षण गर्दै एनडीआरएफ, प्रहरी र नगरपालिकाको समन्वयमा उद्धार कार्य निरन्तर भइरहेको जानकारी दिइन्।

यसैबीच, राष्ट्रपति दौपति मुर्मू,महाराष्ट्रका मुख्यमन्त्री  देवेंद्र फडणवीसले शोक व्यक्त गर्नुभयो । मुख्यमंत्रीले मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रत्येक पीडित परिवारलाई मुख्यमन्त्री सहायता कोषबाट 5 लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरिने घोषणा गर्नुभएको छ।

भारत-जापान

भारत र जापान बीच विशेष कूटनीतिक र वैश्विक सहभागिता छ। दुबै देशको सम्बन्धको लामो इतिहास छ, जसको जड़ आध्यात्मिक जुड़ाव र मजबूत सांस्कृतिक र सभ्यागत सम्बन्धमा छ। एशियाका यी दुई ठूला लोकतन्त्र दुनियाको पाँचौं ठूलो अर्थव्यवस्थामा शामेल छ। भारत-जापान सम्बन्ध, वर्ष दुई हजारमा वैश्विक सहभागिता, दुई हजार छ-मा कूटनीतिक र वैश्विक सहभागिता तथा दुई हजार चौधमा विशेष कूटनीतिक र वैश्विक सहभागिता सम्म विस्तार भएको छ।

वर्ष दुई हजार छ –देखी दुबै देशको वार्षिक शिखर सम्मेलन आयोजित हुँदैछ। भारत र जापानले अनेक मुद्दामा दृष्टिकोण साझा गर्दछ। पछिलो दशकमा दुबै देश बीच व्यापार र निवेश, रक्षा तथा सुरक्षा, तकनीकी र नवाचार तथा मानिस बीच सम्पर्क लगातार विस्तार भएको छ।

अमित शाह

केन्द्रीय गृहमन्त्री अमित शाह अघि साँझ असामको दुईदिने भ्रमणका लागि गुवाहाटी पुग्नुभयो। भोलि बिहान उहाले गुवाहाटीस्थित राजभवनको नयाँ निर्माण गरिएको ब्रह्मपुत्र विङ्को उद्घाटन गर्ने कार्यक्रम रहेको छ। त्यसपछि उहाले राष्ट्रिय साइबर फरेन्सिक प्रयोगशालाको भर्चुअल उद्घाटन गर्ने साथै सशस्त्र बलसँग सम्बन्धित विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुहुनेछ।

तमिलनाडु- राष्ट्रीय अंतरिक्ष दिवस

कश्मीर देखी कन्याकुमारी सम्मका युवा छात्रले आज राष्ट्रीय अन्तरिक्ष दिवसको अवसरमा विभिन्न क्षेत्रमा आफ्नो आविष्कारहरूको प्रदर्शन गर्नका लागि चेन्नईमा एकत्र भए। स्पेस किड्ज इण्डियाका संस्थापक-सी.ई.ओ डा. श्रीमती केसनले प्रदर्शनीको उद्घाटन गर्नुभयो र भन्नुभयो, यो उत्सवको एघाह्रौ वर्ष हो। प्रदर्शनीका विजेताहरूलाई नकद पुरस्कार, सम्मान र एक निवेश राशि दिइन्छ। यस समारोहमा मुख्यतः ग्रामीण क्षेत्रका सरकारी स्कूलका छात्रले भाग ली रहेका छन्। बिहारको केन्द्रीय विद्यालयकी छात्रा अनुष्का सिंहले एउटा यस्तो चक्रका बारेमा कुरा गर्नुहुँदैछ जो हावामा भएको कार्बनलाई अक्सीजनमा बदलिन सकन्छ।

राष्ट्रीय स्वयंसेवक संघ

राष्ट्रीय स्वयंसेवक संघका प्रमुख मोहन भागवतले आत्मनिर्भरताको विषयमा भन्नुभयो , अन्तरराष्ट्रीय व्यापार स्वेच्छाबाट हुनुपर्छ दबावमा होइन। हिजो , साँझ नयाँ दिल्लीमा संघको शताब्दी वर्षको उपलक्ष्यमा आयोजित व्याख्यानमालालाई सम्बोधन गर्दै, श्री भागवतले भन्नुभयो, आत्मनिर्भरता सबै समस्याको हल हो। उहाँले स्वदेशी उत्पादलाई प्राथमिकता दिने आवश्यकतामा बल दिनुभयो। उहाँले भन्नुभयो, स्वदेशीको साँच्चो भावना यो हो कि देशले आफ्नो इच्छा संग अन्तरराष्ट्रीय स्तरमा जोड़ीनु , दबावमा होइन। श्री भागवतले भन्नुभयो, आत्मनिर्भर हुनुको अर्थ आयात बन्द गर्नु होइन। उहाँले भन्नुभयो, विश्व परस्परमा निर्भर छ र आयात-निर्यात चलिबस्छ। तर यसमा कुनै दबाव हुनुहुँदैन।

भारतीय वायुसेना - बचाव अभियान

भारतीय वायुसेनाले जम्मू र उत्तरी पंजाबमा बढ्दो जलस्तर र विनाशकारी बाढलाई ध्यानमा राख्दै व्यापक राहत र बचाव अभियान शुरू गरिएको छ शुरू। रक्षा मंत्रालयले भनेको छ, वायुसेनाले पीड़ितहरूको सहायताका लागि हेलीकप्टर बेड़ा, परिवहन विमान र वायुसेनाको अन्य संसाधन तैनात गरिएको छ। रक्षा मन्त्रालयले जम्मूको अखनूर, पंजाबको पठानकोट र डेरा बाबा नानक क्षेत्रमा सशस्त्र कर्मीहरू द्वारा चलाइ रहेको जीवन रक्षक बचाव अभियानको पनि उल्लेख गर्नुभयो। मन्त्रालयले भन्यो, वायुसेना स्थिति अनुसार आगाडी पनि अभियान चलाउनका लागि तयार छ।

हरियाणा र चण्डीगढ़का नागरिकहरूले अनलाइन गेमिङ विधेयक पारित गरेकोमा केन्द्रीय सरकारप्रति प्रशंसा व्यक्त गरेका छन्। फरीदाबादकी सन्दीप कौरले भन्नुभयो कि अनलाइन गेमिङ कम्पनीहरूले छिट्टै पैसा कमाउने प्रलोभन देखाएर युवाहरूलाई फसाउने गर्छन्। यसै कारण धेरै बालबालिकाले आत्महत्या समेत गरेका छन्। अब यस्तो आर्थिक र मानसिक पीडाबाट बच्न सकिने उहाले विश्वास व्यक्त गर्नुभएको छ।

आईआईपी-जुलाई

भारतको औद्योगिक उत्पादन वृद्धि यस वर्ष जुलाईमा साढे तीन प्रतिशत बढेको छ, जुन जुनमा डेढ प्रतिशत थियो। संख्यिकी र कार्यक्रम कार्यान्वयन मन्त्रालयका तथ्यांकहरू अनुसार, गत वर्ष यसै महिनामा कारखाना उत्पादनमा पाँच प्रतिशतको वृद्धि भएको थियो। आईआईपीका तीन प्रमुख घटकहरूमध्ये, विनिर्माण जुलाईमा पाँच दशमलव चार प्रतिशत बढेको छ, जबकि यसैको गत महिनामा तिन दशमलव सात प्रतिशतको वृद्धि भएको थियो।

बिजली उत्पादनमा दशमलव छ  प्रतिशतको  साधारण वृद्धि रेकर्ड गरिएको छ। भने, खानी उत्पादनमा सात दशमलव दुई  प्रतिशतको गिरावट आएको छ।

<u>मौसम</u>

 मौसम विभागले आज तेलंगाना र तटीय कर्नाटकका लागि  मूसलाधारे बर्षाको  लागि रेड अलर्टको चेतावनी जारी छ । विभागले भनेको छ, उत्तराखण्ड, कर्नाटक र महाराष्ट्रमा पनि यस्तै स्थीती रहनेछ। मौसम विभागले भविष्यवाणी गरेको छ केरल र दक्षिणी प्रायद्वीपमा अगिलो दुई देखी तिन दिनका लागि भारी बारिश होगी। आकाशवाणी न्यूज़संग विशेष बातचीतमा, मौसम विभागका वरिष्ठ वैज्ञानिक डा. आर के जेन्मानीले  भन्नुभयो, जम्मू कश्मीर र हिमाचल प्रदेशमा बारिश कम भएको छ । उहाँले भन्नुभयो , यो  बाढ़संग प्रभावित राज्यमा राहत ल्याउन सक्छ।